# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## राष्ट्रिय धान दिवसको शुभकामना सन्देश

हाम्रो देश नेपाल कृषिप्रधान देश हो र धान हाम्रो मुख्य बाली हो । यसै सन्दर्भमा हरेक वर्ष असार १५ गते मनाइने राष्ट्रिय धान दिवसले आम कृषकहरूलाई सम्मान, कृषि प्रणालीमा नवप्रवर्तन र खाद्य सुरक्षाको सुनिश्चितता तर्फको साझा प्रतिवद्धतालाई स्मरण गराउँछ । सम्पूर्ण मेहनती किसान दाजुभाइ तथा दिदीबहिनीहरू लगायत सबैमा धान दिवस तथा रोपाइँ महोत्सव २०८२ को हार्दिक शुभकामना प्रकट गर्न चाहन्छु ।

वर्षभरिको कृषिकर्मको आधारशिला स्वरूप सुरु हुने रोपाइँको यस सन्दर्भमा कृषकहरूको श्रम, प्रकृतिसँगको सहकार्य र इतिहास तथा परम्परागत संस्कृतिको जगेर्ना एक साथ देख्न पाइन्छ । धान केवल अन्नबाली होइन, यो हाम्रो समाजको भावनात्मक, सांस्कृतिक र आर्थिक संरचनाको मेरुदण्ड हो, श्रम, आशा र भरोसाको प्रतीक हो । धान उत्पादनमा आत्मनिर्भरता हासिल गर्नु हाम्रो राष्ट्रिय आबश्यकता र दीगो समृद्धिको अनिवार्य शर्त हो । तर वर्तमान परिवेशमा कृषिक्षेत्रले विविध चुनौतीहरू व्यहोर्दै आइरहेको छ । जलवायु परिवर्तनको असर, खेतियोग्य जमिनको ह्रास तथा खण्डिकरण, खेतीयोग्य जमिन बाँझो राख्ने प्रवृत्ति, युवाहरूको कृषि प्रतिको घट्दो आकर्षण, उन्नत बीउ, मलखाद र सिंचाइको कमी, कृषिमा लगानीको अभाव आदि समस्याहरूले यो क्षेत्रलाई थप संवेदनशील बनाएका छन् । यस अवस्थालाई बदल्न सोचाइ, नीति, प्रविधि, अनुसन्धान र व्यवहारमा आमूल परिवर्तन हुनु नितान्त आवश्यक छ । सम्बन्धित निकायहरूले कृषकमैत्री नीति निर्माण, बीउ, मलखाद र सिँचाइमा पहुँच, आधुनिक उपकरणको प्रयोग, बजार सुनिश्चितता, बीमा तथा अनुदान जस्ता विषयमा प्राथमिकता दिनु नितान्त जरुरी छ । यस वर्षको राष्ट्रिय धान दिवसले सम्पूर्ण कृषक समुदायमा थप उत्साह, आत्मबल र समर्पणको भावना जागृत गराउनेछ भन्ने अपेक्षा राखेको छु । **"धानबालीमा सघनता : खाद्य सुरक्षा र आत्मनिर्भरता"** भन्ने राष्ट्रिय नाराका साथ आज हामी २२औं राष्ट्रिय धान दिवस र रोपाइँ महोत्सवका रूपमा मनाउदैछौं । मानो रोपेर मुरी उब्जाउने लक्ष्य बोकेको आजको दिनले आशा, कर्मप्रतिको भरोसा, प्रकृतिसङ्गको अटुट सम्बन्ध र सृजनालाई प्रतिबिम्बित गर्दछ ।

अन्तमा पुनः राष्ट्रिय धान दिवस २०८२ सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनीहरूका लागि कर्म, स्वाभिमान, सहकार्य र समृद्धिको सन्देशवाहक बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल असार १५ गते, आइतबार**
**ने.सं. ११४५ दिल्लाथ्व: चतुर्थी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**